"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ནམ་མོ་བུདྡ་ནགར་པཱ་ལི་ཀཱ

नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/८३

चलानी नं.:

मितिः २०८२/०७/२३

ने.सं.: ११४६ कछलागा ४

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको कार्यालय भकुण्डेबेशी काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

माटो परीक्षणका लागि माटोको नमूना संकलन गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२३)

प्रस्तुत विषयमा यस नमोबुद्ध नगरपालिकाको कृषि विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत माटोको नमुना संकलन परिक्षण प्रयोगशाला कार्यक्रम अन्तर्गत माटो परीक्षण कार्यक्रम सञ्चालन गर्नु पर्ने भएको हुँदा यस नगरपालिकाका सबै वडाका माटो परीक्षण गराउन ईच्छुक कृषकहरुले आफ्नो खेत/बारीको माटोको नमूना तपसिल अनुसारको विवरण सहित संकलन गरी सम्बन्धित वडा कार्यालय वा कृषि विकास शाखामा बुझाउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

माटोको नमूनामा राख्नु पर्ने विवरण:

१. कृषकको नामः
२. ठेगानाः
३. नमूना लिएको मितिः
४. खेत/बारीको किसिम (नाम राखिएको भए सो पनि उल्लेख गर्ने):
५. नमूना संकलन गर्नु भन्दा पहिले लगाईएको बालीः
६. मलखाद प्रयोग गरिएको मात्राः
७. माटो नमूना संकलन गरेको ठाउँमा सिँचाईको सुविधाः
८. माटो परीक्षण पछि लगाउन चाहेको बालीः
९. सम्पर्क नम्बरः
१०. त्यस ठाउँको बालीहरुमा देखा परेको समस्याः

माटो परीक्षणका लागि संकलन गरिएको माटो नभिजेको, धुलो, बुर्बुराउँदो र कम्तिमा आधा के.जी. हुनुपर्नेछ।

थप जानकारीका लागि सम्पर्क नं.: ९८६७०५४१११, ९८४८८४४४२४, ९८६४८६५५४२

बोधार्थ,

श्री वडा कार्यालय सबै – वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा – यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि दिनु हुन तथा सबै वडा कार्यालयलाई ईमेल समेत गरिदिनु हुन।

२०८२/०७/२३

.....

(कृष्ण गिरी)

प्रमुख प्रशासकीय अधिकृत

माटोको नमुना संकलन गर्ने तरिका

अन्न र तरकारी बालीको लागि

एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।

एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।

प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।

सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।

बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि पठाउने ।

फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।

छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।

यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।

यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।